**भारतको महावाणिज्य दूतावास**
**बीरगंज ( नेपाल)**
*******

सत्यमेव जयते



**नितेश कुमार**
**महावाणिज्यदूत**

भारतको महावाणिज्य दूतावास, बीरगंजको तर्फबाट भारतको ७४औं गणतन्त्र दिवसको शुभ अवसरमा भारतीय समुदाय तथा नेपालमा बसोबास गरिरहनु भएका भारतका मित्रहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । हामीले १२ मार्च २०२१ मा सुरु भएदेखि नै 'आजादी का अमृत महोत्सव' अन्तर्गत विभिन्न कार्यक्रमहरू आयोजना गरेका छौं र १५ अगस्ट २०२३ मा सम्म त्यसलाई निरन्तरता दिनेछौं। मीसँग सामेल भई जन-भागिदारीको भावनाका साथ उत्सवलाई जन-उत्सव बनाएको समुदायलाई महावाणिज्य दूतावास धन्यवाद अर्पण गर्दछ।

एक बलियो राजनीतिक प्रणाली, बलियो अर्थतन्त्र र एक कुशल, दृढ, लचिलो र परिणाममुखी परराष्ट्र नीतिको मूल दृष्टिमा विश्वव्यापी सदभावको साथ भारत अब आगामी २५ वर्ष 'अमृत काल' मा प्रवेश गर्दै छ ।

आजादी का अमृत महोत्सव (AKAM) मनाउने क्रममा वाणिज्य दूतावास द्वारा उल्लेखनीय कार्यक्रमहरु जस्तै साइकल र्‍याली, विश्व रक्तदाता दिवस (१४ जुन २०२२) र विश्व एड्स दिवस (०१ डिसेम्बर २०२२) को अवसरमा रक्तदान शिविर, क्रिकेट म्याच, वाकाथन/म्याराथन, ब्याडमिन्टन प्रतियोगिता, संविधान दिवस, आयुर्वेद दिवस, हिन्दी दिवस, टक शो, अन्तरक्रिया कार्यक्रम, कार्यशाला, वेबिनार, चितवन, वीरगन्ज र जनकपुरमा अन्तर्राष्ट्रिय योग दिवस, वीरगन्ज र जनकपुरमा भारतीय सांस्कृतिक कार्यक्रम, क्विज प्रतियोगिता, निबन्ध प्रतियोगिता, फोटोग्राफी प्रतियोगिता, कविता प्रतियोगिता, स्केच प्रतियोगिताहरू आयोजना गरियो। वाणिज्य दूतावास द्वारा अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ०८), विश्व थालेसेमिया दिवस (मे ०८), विश्व हेपाटाइटिस दिवस (जुलाई २८), आयुर्वेद दिवस / धन्वन्तरी जयन्ती, विश्व COPD दिवस (नोभेम्बर १६), विश्व मानव अधिकार दिवस ( डिसेम्बर १०), आदि जस्ता महत्वपूर्ण दिवसहरू पनि AKAM अन्तर्गत आयोजना गरियो।

०८-१० जनवरी २०२३ मा मध्यप्रदेशको इन्दौरमा आयोजित १७औं प्रवासी भारतीय दिवसमा ठूलो संख्यामा सहभागी भएका भारतीय समुदायलाई हामी धन्यवाद दिन चाहन्छौं। हामी समुदायलाई भारतीय डायस्पोरा र विदेशमा रहेका भारतीय मिशन/पोस्टहरू बीच नेटवर्क स्थापना गर्ने उद्देश्यका साथ सुरू गरिएको ग्लोबल प्रवासी रिश्ता पोर्टल (https://pravasirishta.gov.in/home) बारे स्मरण गराउन चाहन्छौं र उक्त पोर्टलमा प्राथमिकताका साथमा आफूलाई दर्ता गर्न आग्रह गर्दछौं । पोर्टलले डायस्पोराका फाइदाहरूका लागि र महत्त्वपूर्ण नीतिगत मुद्दाहरूमा डायस्पोराहरूको राय सङ्कलन गर्नका लागि सुरु गरिएका विद्यमान र नयाँ सरकारी योजनाहरूको बारेमा नवीनतम जानकारी प्रदान गर्दछ।

वाणिज्य दूतावास नेपालमा रहेका भारतीय नागरिकहरूलाई दर्ता प्रमाणपत्र जारी गर्दछ र उनीहरूको गुनासोहरू समाधान गर्न कन्सुलर सेवाहरूको लागि मासिक ओपन हाउसहरू आयोजना गर्दछ।

हालसम्म त्यस्ता तेह्रवटा ओपन हाउस सञ्चालन भइसकेका छन् । नेपालमा बसोबास गर्ने कुनै पनि पीडित भारतीय नागरिकलाई सहयोगको लागि हामीलाई सम्पर्क गर्न प्रोत्साहित गरिन्छ।

भारतीय महावाणिज्य दूतावास नेपालका जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकास, विद्यार्थीहरूलाई छात्रवृत्ति र भरपर्दो संस्थाहरूलाई एम्बुलेन्स/बस उपलब्ध गराउनुका साथै नदीको तटबन्ध, एकीकृत जाँच चौकी, रेलमार्ग निर्माण लगायतका क्षेत्रमा सहयोग गर्न प्रतिबद्ध छ तथा दुई देश बीचको द्विपक्षीय व्यापारमा उत्प्रेरकको रूपमा कार्य गर्दछ ।

वाणिज्य दूतावास द्वारा  जुलाई २०२२ मा काठमाडौं स्थित भारतीय दूतावासले उपहार दिएको ७५ एम्बुलेन्स मध्ये दुईवटा एम्बुलेन्स उपहार स्वरुप प्रदान गरिएको थियो । एउटा एम्बुलेन्स बीरगंज स्थित ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र र अर्को जनकपुरको ग्रामीण विकास संस्थालाई उपहार स्वरुप प्रदान गरिएको थियो । हामी निकट भविष्यमा थप एम्बुलेन्स र स्कूल बसहरू वितरण गर्न प्रतिबद्ध छौं ।  २०२२ नोभेम्बर २० मा सम्पन्न भएको संघीय र प्रादेशिक निर्वाचन सम्पन्न गर्नका लागि विभिन्न नेपाली संस्थालाई लजिस्टिक सहयोग गर्नका लागि भारतले नेपाललाई दुई सय गाडी उपलब्ध गराएको थियो ।

भारतीय सेनाका प्रधानसेनापति जनरल मनोज पाण्डे ज्युको नेपाल भ्रमणको क्रममा, वहाँले नेपाली सेनाको क्षमता अभिवृद्धि गर्ने हलुका सवारी साधन सहित नेपाली सेनालाई प्रशिक्षण सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

नेपालमा भारतको विकास साझेदारीका मुख्य साधनहरूमा लाईन अफ क्रेडिट (LoC), अनुदान सहायता, उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (HICDPs), प्राविधिक परामर्श, विपद् राहत र मानवीय सहायताका साथै भारतीय प्राविधिक तथा आर्थिक सहयोग अन्तर्गत क्षमता निर्माण(ITEC) कार्यक्रमहरू समावेश छन्।

नेपाल र भारत बीचको जन–जनको सम्बन्ध र सांस्कृतिक सम्बन्ध प्रस्ट देखिन्छ । नेपालमा पनि रामायण सर्किट निर्माण गर्न भारत प्रतिबद्ध छ । श्री रामायण यात्रा “भारत गौरव” पर्यटक रेल १४ कोच र ५०० धार्मिक पर्यटक बोकेर २३ जुन २०२२ मा जनकपुरधाम आइपुगेको थियो। यो भारत र नेपालमा रामायण सर्किटलाई कभर गर्ने आफ्नो प्रकारको पहिलो पर्यटकीय रेल थियो। अर्को "भारत गौरव डिलक्स ट्रेन" फेब्रुअरी 17, 2023 मा उद्घाटन हुने निर्णय भएको छ।

वाणिज्य दूतावासले नेपाल र भारतका जिल्ला प्रशासनबीच समसामयिक हितका विषयमा सीमा समन्वय बैठक आयोजना गर्दै आएको छ । सन् २०२२ मा पर्यटन तथा व्यापार प्रवद्र्धनका लागि चितवन, वीरगन्ज र जनकपुरमा बैठक सम्पन्न भएको थियो ।

वाणिज्य दूतावास सीमा वारी पारी सवारी साधनहरूको सहज आवतजावतमा सहजीकरणको काम गर्दछ। वाणिज्य दूतावास व्यापार विवादको मामिलामा मध्यस्थता पनि गर्दछ, विभिन्न निजी र सार्वजनिक यातायातका सवारी साधनहरूलाई छोटो तथा लामो अवधिको भारत भ्रमणका लागि सवारी अनुमतिहरू प्रदान गर्दछ।

वाणिज्य दूतावासले नेपाल सरकारलाई विभिन्न राहत सामग्री हस्तान्तरण गर्दै आएको छ । हालै विभिन्न आकारका करिब तीन हजार टेन्ट र १० वटा स्वत: फुल्ने डुङ्गा हस्तान्तरण गरिएको थियो।

हामीले विगत ६ महिनामा हाई इम्प्याक्ट सामुदायिक विकास आयोजना (HICDPs) अन्तर्गत मुग्लिङ स्थित भारत सरकार द्वारा निमार्ण गरिएको श्री त्रिवेणी बराह माविको विद्यालय भवनको उद्घाटन गर्‍यौं र चितवन जिल्लामा एप्रोन (ढुङ्ग्रे खोला नदी तालिम कार्य) तथा बाँध निर्माण कार्यको शिलान्यास गर्‍यौं।

Covid-19 ले आत्मनिर्भरता 2.0 को लागि भारतको प्रयसमा महत्त्वपूर्ण भूमिका खेलेको छ। भारतले सार्वजनिक-निजी साझेदारी, केन्द्र-राज्य सहयोग र जागरूकता निर्माणको सहयोगमा आफ्ना नागरिकहरूका लागि खोपको २ अर्ब डोज पूरा गरेको छ। भारतले विश्वका विभिन्न देशमा ठूलो संख्यामा भ्याक्सिन र पीपीई निर्यात गरेको छ जसबाट नेपाल पनि लाभान्वित भएको छ।

नेपालले युनिफाइड पेमेन्ट इन्टरफेस (UPI) लाई अपनाएको छ, जुन भारतको सरकार-समर्थित केन्द्रीकृत डिजिटल भुक्तानी गेटवे हो, जसले २०२१ मा विश्वव्यापी डिजिटल लेनदेनको सबैभन्दा ठूलो संख्यामा 48 अर्ब, जुनकि चीनको (18 बिलियन) भन्दा झन्डै तीन गुणा ठूलो र अमेरिका, क्यानडा, बेलायत, फ्रान्स र जर्मनीको संयुक्त कारोबार भन्दा कम्तिमा छ गुणा ठूलो छ।

भारत आफ्नो "छिमेकी पहिलो" नीतिको एक भागको रूपमा नेपालसँगको सम्बन्धलाई उच्च प्राथमिक्तामा राख्दछ र विभिन्न पहलहरू मार्फत नेपालका जनतालाई सहयोग जारी राख्नेछ। अन्तमा, म मधेश प्रदेश सरकारको नवनियुक्त सरकारलाई बधाई दिन चाहन्छु र दुई सरकारबीचको सम्बन्धलाई अझ सुमधुर बनाउन नजिकबाट काम गर्न चाहन्छु।

जय हिन्द !

******